१३५ औं बैठक

आज मिति २०८१।०८।२३ गते दिउँसो १:३० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजीमको उपस्थितिमा निम्न बमोजीमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए ।

तपसिल :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहोरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | वडा अध्यक्ष वार्ड नं. १ | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. २ | |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष वार्ड नं. ३ | |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष वार्ड नं. ४ | |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष वार्ड नं. ५ | |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. ६ | |
| ९ | श्री रामचन्द्र भट्ट | वडा अध्यक्ष वार्ड नं. ७ | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष वार्ड नं. ८ | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष वार्ड नं. ९ | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | मान मती |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | Dhana |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | ~~श्री नारायण बहादुर चन्द~~ | ~~सदस्य सचिव~~ | |
| | श्री सपना कार्की | नि.प्र.प्र. अ. | |

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगरसभा मिति २०८१।०८।२८ गते बोलाउने निर्णय पारीत गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. २३६ राष्ट्रपति रनिङ शिल्ड नगर स्तरीय कार्यक्रम, खर्च शिर्षक २२५२२ बाट नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छात्र र छात्रा दुवै टिम सहभागी गराउने विद्यालयलाई प्रति विद्यालय रकम रु. २५,०००।- र छात्र वा छात्रा मध्ये एक मात्र टिम सहभागि गराउने विद्यालयलाई प्रति विद्यालय रकम रु. १५,०००।- का दरले खेलकुदमा सहभागिता खर्चका लागि भुक्तानी दिने र बचत रकमबाट मेलौली नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गराउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आगामी आ.व. २०८२।०८३ का लागि संघीय सरकारबाट तपसिलबमोजिमका संघीय विशेष तथा संघीय समपुरक योजनाहरु माग गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

| संघीय विशेष | | संघीय समपुरक | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | क्र.सं. | योजनाको नाम |
| १. | मेलौली नगर स्टेडियम निर्माण | १. | तोल्या तितावें सडक निर्माण, मे.न.पा. ७ र ४ |
| २. | तिन्जोन्ना कोल्तडी सडक स्तरोन्नती | २. | वडा खेलमैदान निर्माण मे.न.पा. २, ८ र ९ |
| ३. | जगदम्बा मा.वि. भवन निर्माण | ३. | बरेगु जर्कू बडान अम्तडी सडक स्तरोन्नती |
| ४. | वडा कार्यालय भवन निर्माण मे.न.पा. ७ | ४. | हरडाखान मेलघट सिम्द्रोगडा सडक स्तरोन्नती |
| ५. | सलेना दुर्गास्थान देहिमाण्डौ सडक स्तरोन्नती | ५. | मेलघट काकडी सिचाई कुलो निर्माण |

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा तपसिल बमोजिमका स्थानिय तहहरुसंग भगिनि सम्वन्ध स्थापना गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

| क्र.सं. | स्थानिय तह | कैफियत |
|---|---|---|
| १. | भरतपुर महानगरपालिका, चितवन | |
| २. | पोखरा महानगरपालिका, कास्की | |
| ३. | चन्द्रागिरी नगरपालिका, काठमाण्डौं | |
| ४. | पञ्चेश्वर गाउँपालिका, बैतडी | |

भिम बहादुर चन्द
नगर प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा मेलौली नगरपालिकाको केशरपुर प्राथमिक स्वास्थ्य केन्द्रमा यसअघि कार्यालय सहयोगीको जिम्मेवारी तोकीएका श्री इश्वरी दयाललाई कार्यालय सहयोगी सरहको पारीश्रमिक सेवासुविधा दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भई तोकिएको समयमा सम्झौता हुन नसकेका योजनाहरुको योजना सम्झौता म्याद मिति २०८१ पुस मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

भिम बहादुर चन्द
नगर प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत